प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

# व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रस्तावना: प्रदेश सरकारले व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रमलाई व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले सञ्चालन गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५" को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ को प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(१) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले कार्यक्रम सञ्चालनका लागि सम्बन्धित साझेदारलाई प्रदेश सरकारबाट प्रदान गरिने रकमलाई सम्झनु पर्दछ ।

(ख) "असल पशुपालन अभ्यास" भन्नाले पशु कल्याण प्रवर्द्धन, पशु प्रजनन्, पशु आहारा र पशु स्वास्थ्य र पशु व्यवस्थापनका लागि संघिय सरकार वा प्रदेश सरकार जारी भएका मापदण्ड/कार्यविधि बमोजिम बंगुर पालन गरिएको भन्ने सम्झनु पर्दछ ।

(ग) "कार्यालय प्रमुख" भन्नाले सम्बन्धित कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "कार्यविधि भन्नाले "व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" सम्झनु पर्दछ ।

(ङ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

(च) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(छ) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ ।

(ज) "सम्बन्धित कार्यालय" भन्नाले कार्यक्रम सञ्चालनको अख्तियारी प्राप्त निकायलाई सम्झनु पर्दछ ।

(झ) "प्रस्ताव" भन्नाले सम्बन्धित कार्यालयले यस कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन गर्ने सिलशिलामा जारी गरेको सार्वजनिक सूचना अनुसार प्रस्तावकले निर्धारित ढाँचामा तयार गरि पेश गरेको अवधारणा पत्र र अन्य आवश्यक कागजातहरुलाई समेत सम्झनु पर्दछ ।

(ञ) "प्रस्तावक" भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना मुताविक प्रस्ताव पेश गर्ने बंगुर पालक कृषक/समूह/समिति/सहकारी/व्यवसायीक फार्म/कम्पनि/व्यवसायीक संघ संस्था/ निजि उद्यमीहरु र व्यवसायीक समेतलाई सम्झनु पर्दछ ।

(ट) "कार्यक्रम" भन्नाले व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सम्झनु पर्छ।

(ठ) "पोर्क" भन्नाले बंगुरको मासुलाई सम्झनु पर्दछ ।

(ड) "फ्याटनर फार्म" भन्नाले बंगुरको पाठापाठीलाई बध योग्य उमेर सम्म मासुको लागि हुर्काउने फार्म सम्झनु पर्दछ ।

(ढ) "बंगुर पालक कृषक समुह" भन्नाले कम्तिमा दश जना बंगुर पालक कृषकहरु प्रचलित कानून बमोजिमको आधिकारिक निकायमा दर्ता वा अभिलेखित भएको समूहलाई जनाउँछ ।

(ण) "ब्रीडर फार्म" भन्नाले उन्नत नश्लका बंगुरलाई प्रजनन गराई बंगुरको पाठापाठी उत्पादन गर्ने फार्म सम्झनु पर्दछ ।

(त) "बंगुर पालक कृषक समिति" भन्नाले कम्तिमा पाँच वटा बंगुर पालक कृषक समूहको प्रतिनिधित्व हुने गरि विधानतः गठित र सम्वन्धित निकायबाट आधिकारिकता प्रदत्त समितिलाई सम्झनु पर्दछ ।

(थ) "व्यवसायीक बंगुर फार्म" भन्नाले पाठापाठी उत्पादनको हकमा पाँच वटा भन्दा बढि माउ र मासु उत्पादनको हकमा पन्ध्र वटा भन्दा बढी बंगुर पालन गरेको फार्मलाई जनाउँछ ।

(द) "साझेदार" भन्नाले लागत सहभागितामा व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित कार्यालय संग द्विपक्षीय सम्झौता भएका बंगुर पालक कृपक, समूह, समिति, सहकारी, व्यवसायीक फार्म, कम्पनी, व्यवसायीक संघ संस्था, निजी उद्यमी र व्यवसायीक समेतलाई जनाउँदछ ।

(ध) "साझेदारी" भन्नाले व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालन गर्नका लागि सरकारी एवं गैरसरकारी क्षेत्र बिच द्विपक्षीय/वहुपक्षीय सम्झौताका आधारमा हुने लागत सहभागितालाई सम्झनु पर्दछ ।

३. <u>उद्देश्यहरुः</u> यो कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन:-

(क) बंगुर पालन क्षेत्रको व्यवसायीक रुपान्तरणमा सहयोग गर्ने ।

(ख) छाडा बंगुर पालनलाई निरुत्साहित गर्दै व्यवस्थित बंगुर पालन प्रवर्द्धन गर्ने ।

(ग) स्वच्छ, स्वस्थ एवं गुणस्तरिय पोर्क उत्पादन र बजारिकरणमा टेवा पुर्याउने ।

(घ) बंगुर पालन व्यवसायलाई आय आर्जन र स्वरोजगार प्रवर्द्धनको वैकल्पिक माध्यमको रुपमा स्थापित गराउने ।

(ङ) बंगुरको आन्तरिक बजार विस्तार र निकासी योग्य पोर्क उत्पादन प्रवर्द्धन गर्ने ।

सचिव

प्रमुख सचिव

कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

४. कार्यक्रम संचालन अवधिः सम्झौता भएको दुई वर्ष भित्रमा सम्झौता मुताविकका कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।

५. कार्यक्रम सञ्चालन स्थान छनौटका आधारहरु : व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालन हुने स्थान छनौटका लागि देहाय बमोजिमका आधारहरु तय गरिएको छः-

(१) सडक, संचार, पिउने पानी, वाटो र विजुली जस्ता भौतिक पूर्वाधारहरुको सुविधा भएको हुनु पर्नेछ ।

(२) व्यवसायीक रुपमा बंगुर पालन फार्महरु सञ्चालनमा रहेको तथा बंगुर पालन विस्तारको सम्भावनायुक्त पकेट क्षेत्र भएको हुनु पर्नेछ ।

(३) उत्पादित पाठापाठी र पोर्कको वजारीकरण हुन सक्ने संभाव्यतायुक्त क्षेत्र ।

६. अनुदान प्राप्त गर्न सक्ने निकायहरुः बंगुर पालक कृषक, समूह, समिति, सहकारी, फार्म, कम्पनी, व्यवसायीक संघ/संस्था, निजि उद्यमि र व्यवसायीहरु कार्यक्रमा समावेस हुन सक्नेछन् ।

७. व्यवसायीक बंगुर पालन फार्मको वर्गिकरणः यस कार्यक्रमको प्रयोजनको लागि फार्महरुको वर्गिकरण निम्न बमोजिम हुनेछः-

(१) ब्रिडर फार्मः यो किसिमको बंगुर फार्मको बर्गिकरण देहाय बमोजिम हुनेछः-

(क) साना व्यवसायीक बंगुर पालन फार्मः पाठापाठी उत्पादन र बेचविखन गर्ने प्रयोजनले पाँच देखि पन्ध्र वटा सम्म माउ बंगुर पालन गरेको फार्म ।

(ख) मझौला व्यवसायीक बंगुर पालन फार्मः पाठापाठी उत्पादन र बेचबिखन गर्ने प्रयोजनले सोन्ह देखि पचास वटा सम्म माउ बंगुर पालन गरेको फार्म ।

(ग) ठूला व्यवसायीक बंगुर पालन फार्मः पाठापाठी उत्पादन र बेचविखन गर्ने प्रयोजनले एकाउन्न वटा भन्दा बढि माउ बंगुर पालन गरेको फार्म ।

(२) फ्याटनर फार्मः यो किसिमको बंगुर फार्मको बर्गिकरण देहाय बमोजिम हुनेछः-

(क) साना व्यवसायीक बंगुर पालन फार्मः मासु उत्पादन गर्ने प्रयोजनले दश देखि देखि तिस वटा सम्म बंगुर पालन गरेको फार्म ।

(ख) मझौला व्यवसायीक बंगुर पालन फार्मः मासु उत्पादन गर्ने प्रयोजनले एकतिस देखि नब्बे वटा सम्म बंगुर पालन गरेको फार्म ।

(ग) ठूला व्यवसायीक बंगुर पालन फार्मः मासु उत्पादन गर्ने प्रयोजनले एकानब्बे वटा भन्दा बढि बंगुर पालन गरेको फार्म ।

(३) यस कार्यक्रमको प्रयोजनको लागि बंगुर पालक कृषकको हकमा पाठापाठि उत्पादनका लागि कम्तिमा पाँच वटा माउ र मासु उत्पादनका लागि दश वटा बंगुर पालन गरेको हुनु पर्नेछ ।



प्रमुख सचिव

साथै बंगुर पालक कृषक समूह/समितिको हकमा दश जना कृषकको एक समूह र पाँच वटा समूहको एक समिति रहने हिसाबले बंगुरको संख्या पुगेको हुनु पर्नेछ । त्यसै गरि बंगुर पालन सहकारीको हकमा पच्चिस जना कृषकहरु आवद्ध भै सहकारी गठन हुन सक्ने आधारमा पाठापाठि उत्पादन गर्ने एक शय पच्चिस वटा वटा माउ वा मासु उत्पादनका लागि दुई शय पचास वटा बंगुर एकै स्थलमा वा वेग्लावेग्लै पालन गरेको हुनु सक्दछ ।

(४) प्रस्ताव छनौटको क्रममा विभिन्न वर्गिकरणमा पर्ने फार्महरु विचको प्रतिष्पर्धामा बंगुरको संख्या बढी भएका फार्महरुलाई प्राथमिकता प्रदान गरिनेछ ।

(५) ठूला व्यवसायीक बंगुरपालन फार्म अन्तरगत लक्षित कार्यक्रम सञ्चालनका लागि प्रयाप्त आवेदन नपरेमा वा उपयुक्त प्रस्तावको अभाव भएमा सो लक्ष मझौला व्यवसायीक बंगुरपालन फार्ममा गाभिनेछ । त्यसै गरी मझौला व्यवसायीक बंगुरपालन फार्म अन्तरगत लक्षित कार्यक्रम सञ्चालनका लागि प्रयाप्त आवेदन नपरेमा वा उपयुक्त प्रस्तावको अभाव भएमा सो लक्ष साना व्यवसायीक बंगुरपालन फार्ममा गाभिनेछ ।

(६) उपदफा (५) बमोजिम लक्ष गाभिने अवस्थामा अनुदान रकमको समानता कायम हुनेगरि एउटा ठूला व्यवसायीक बंगुरपालन फार्म वरावर पाँच वटा मझौला व्यवसायीक बंगुरपालन फार्म र एउटा मझौला व्यवसायीक बंगुरपालन फार्म वरावर चार वटा साना व्यवसायीक बंगुरपालन फार्म हुने गरि लक्ष किटान गरिनेछ ।

८. <u>अनुदान रकमः</u> (१) साना व्यवसायीक बंगुर पालन फार्मलाई निम्न कार्यका लागि बढीमा रु. ५,००,०००/– (पाँच लाख) सम्म अनुदान प्रदान गर्न सकिनेछः-

(क) बंगुरको खोर निर्माण/सुधार ,

(ख) दाना बनाउने मेशिन खरिद र जडान,

(ग) बंगुर फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद,

(घ) बंगुर फार्मको वारवंदेज र जैविक सुरक्षाको प्रबन्ध,

(ङ) बंगुर फार्ममा बायोग्याँस निर्माण तथा फोहर व्यवस्थापन,

(च) बंगुर फार्ममा खानेपानीको व्यवस्था, पानि तान्ने मोटर जडान र नमासिने, प्रकृतिका सरसफाईका सामग्रीहरु खरिद गर्न,

(२) मझौला व्यवसायीक बंगुर पालन फार्मलाई निम्न कार्यका लागि बढीमा रु. २०,००,०००/– (बिस लाख) सम्म अनुदान प्रदान गर्न सकिनेछः-

(क) बंगुरको खोर निर्माण/सुधार,

(ख) दाना बनाउने मेशिन खरिद र जडान,

(ग) बंगुर फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद,

(घ) बंगुर फार्मको वारवंदेज र जैविक सुरक्षाको प्रबन्ध,

सचिव



प्रमुख सचिव

(ङ) वंगुर फार्ममा बायोग्याँस निर्माण तथा फोहर व्यवस्थापन,

(च) वंगुर फार्ममा खानेपानीको व्यवस्था, पानि तान्ने मोटर जडान र नमासिने, प्रकृतिका सरसफाईका सामग्री खरिद,

(छ) वंगुर ढुवानीको लागि सवारी साधन खरिद,

(ज) पोर्क उत्पादन, विविधिकरण र वजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, औजार/उपकरण खरिद र जडान

(३) ठूला व्यवसायीक वंगुर पालन फार्मलाई निम्न कार्यकालागि बढीमा रु. १,००,००,०००/-(एक करोड) सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

(क) वंगुरको खोर निर्माण/सुधार,

(ख) दाना बनाउने मेशिन खरिद र जडान,

(ग) बंगुर फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद,

(घ) वंगुर फार्मको बारबंदेज र जैविक सुरक्षाको प्रबन्ध,

(ङ) वंगुर फार्ममा बायोग्याँस निर्माण तथा फोहर व्यवस्थापन,

(च) वंगुर फार्ममा खानेपानीको व्यवस्था, पानि तान्ने मोटर जडान र नमासिने प्रकृतिका सरसफाईका सामग्री खरिद,

(छ) वंगुर ढुवानीको लागि सवारी साधन खरिद,

(ज) पोर्क उत्पादन, विविधिकरण र वजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, औजार/उपकरण खरिद र जडान,

(झ) मिटमार्ट, मासु चिस्यान घर, रेफ्रिजेरेटर जडित सवारी साधन तथा मिनी वधस्थल/वधशाला निर्माण/सुधार,

(४) समूह/समिति/सहकारीमा सञ्चालन हुने व्यवसायीक वंगुर पालन फार्महरुलाई निम्न कार्यका लागि बढीमा रु. १,००,००,०००/- (एक करोड) सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

(क) वंगुरको खोर निर्माण/सुधार,

(ख) दाना बनाउने मेशिन खरिद र जडान,

(ग) वंगुर फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद,

(घ) वंगुर फार्मको बारबंदेज र जैविक सुरक्षाको प्रबन्ध,

(ङ) वंगुर फार्ममा बायोग्याँस निर्माण तथा फोहर व्यवस्थापन,

(च) वंगुर फार्ममा खानेपानीको व्यवस्था, पानि तान्ने मोटर जडान र नमासिने प्रकृतिका सरसफाईका सामग्री खरिद,

(छ) वंगुर ढुवानीको लागि सवारी साधन खरिद,

सचिव



प्रमुख सचिव

(ज) पोर्क उत्पादन, विविधिकरण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, औजार/उपकरण खरिद र जडान,

(झ) मिटमार्ट, मासु चिस्यान घर, रेफ्रिजेरेटर जडित सवारी साधन तथा मिनी वधस्थल/वधशाला निर्माण/सुधार,

(ञ) सम्बन्धित कार्यालयले बंगुर पालनको व्यवसायीक रुपान्तरण संग सम्बन्धित माथि उल्लेखित वाहेकका कृयाकलाप समेत सम्झौतामा उल्लेख गरि कार्यान्वयन गर्न सकिनेछ ।

९. अनुदान प्रवाहका शर्तहरु: (१) कार्यक्रम सञ्चालन सम्वन्धि सार्वजनिक सूचना प्रकाशन अगावै प्रचलित कानून बमोजिम आधिकारिक निकायमा दर्ता/अभिलेखित भएका व्यवसायीक बंगुर पालक कृषक/समूह/समित/सहकारी/फार्म/कम्पनी/व्यवसायीक संघ संस्था/निजी उद्यमी/व्यवसायिहरु यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(२) भौतिक संरचनाको डिजाइन र लागत इष्टिमेट नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले गरेको हुनु पर्नेछ ।

(३) विगत तिन वर्ष भित्र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र अन्तरगतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्यलाई पूर्णता दिई सञ्चालनमा ल्याउन थप अनुदान आवश्यक रहेको वा थप सुधार आवश्यकता रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(४) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा दश वर्ष सम्म व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(५) यस कार्यक्रममा सहभागी हुन चाहने आवेदक कार्यविधिको दफा ७ बमोजिमको वर्गिकरण अनुसारको संख्यामा बंगुर पालेको हुनु पर्नेछ ।

(६) फार्म सञ्चालन गर्ने जग्गा लिजमा भाडाको भएमा दश वर्षको सम्झौता भएको हुनु पर्नेछ ।

(७) सम्बन्धित साझेदारले फार्ममा जैविक सूरक्षाको प्रवन्ध र असल पशुपालन अभ्यास अवलम्बन गर्नु पर्नेछ ।

(८) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम असुल उपर र कारवाही हुनेछ ।

(९) प्रस्तावक नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नम्वर प्राप्त गरेको र कुनै कारवाहीमा नपरेको हुनु पर्नेछ ।

(१०) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

प्रमुख सचिव

(११) फार्मका गुणस्तरिय, उच्च उत्पादन क्षमतायुक्त स्वस्थ्य वंगुरहरुको छनौट, पहिचान र अभिलेखिकरण गरिएको हुनु पर्नेछ ।

(१२) साझेदारले अनुसूची– ११ बमोजिम वंगुर फार्मको अध्यावधिक विवरण चौमासिक रुपमा सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

(१३) बंगुरको गोठ निर्माण गर्दा हावापानी सुहाउँदो, वैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

(१४) वंगुर पालन फार्ममा असल पशुपालन र व्यवस्थापन अभ्यास अवलम्वन गर्नु पर्नेछ ।

(१५) साझेदारले पालिएका वंगुरहरुको सम्भव भए सम्म विमा गरेको हुनु पर्नेछ ।

१०. <u>कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्वः</u> (१) कार्यक्रम कार्यान्वयनका सिलसिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानि सम्वन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(२) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(३) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्वन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

(४) अनुदानग्राहीले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालय र सम्बन्धित स्थानिय तहमा समेत बुझाउनु पर्नेछ।

११. <u>कार्यक्रम कार्यान्वयन प्रकृयाः</u> (१) सम्वन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक *अनुसूची-१* वमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(२) कार्यक्रममा सहभागी हुन ईच्छुक प्रस्तावकहरुले *अनुसूची– २* बमोजिमको आवेदन, *अनुसूची– ३* बमोजिमको संक्षिप्त कार्ययोजना, *अनुसूची– ४* बमोजिम लागत साझेदारीको प्रतिवद्धता, *अनुसूची– ५* बमोजिम समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा, *अनुसूची– ६* बमोजिम सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र स्थानिय तहको सिफारिस पत्र र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखि निर्धारित समय भित्र तोकिएको कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

(३) दफा १० को उपदफा (१) मुताविकको सूचना अनुसार प्रयाप्त प्रस्तावहरु दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले सात दिनको म्याद थपको सूचना प्रकाशन गर्न सक्नेछ ।

(४) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

(५) उपयुक्तका आधारमा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, पशुपन्छी विकास महाशाखा | संयोजक |
| (ख) | प्रमुख, योजना तथा अनुगमन महाशाखा | सदस्य |
| (ग) | कानून अधिकृत | सदस्य |



प्रमुख सचिव

(घ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(ङ) प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य

(च) अधिकृत, पशुपन्छी उत्पादन तथा तथ्याङ्क व्यवस्थापन शाखा — सदस्य

(छ) पशुपन्छी व्यवसाय प्रबर्द्धन शाखा — सदस्य

(ज) अधिकृत, पशुपन्छी उत्पादन तथा तथ्याङ्क व्यवस्थापन शाखा — सदस्य-सचिव

(६) समितिले आवश्यकता मुताविक दुई जना आमन्त्रण गर्न सक्नेछ ।

(७) रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशनका लागि उपयुक्त प्रस्तावहरुको सूचि तथा छनौट भएका प्रस्तावहरुको प्राथमिकिकरण सहितको अन्तिम सूची तयार गर्ने जिम्मेवारी उपरोक्त समितिको सदस्य– सचिवको हुनेछ ।

(८) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरि फिल्ड भेरिफिकेसन गर्नेछ तथा आवश्यक ठानेमा समिति स्वयंले समेत प्रस्ताव सिफारिस गर्नु पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ ।

(९) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले *अनुसूची– ७* र *अनुसूची– ८* बमोजिम कूल प्राप्ताङ्कको आधारमा तयार गरेको *अनुसूची– ९* बमोजिमको प्राथमिकिकरण सहितको सूची स्वीकृतिका लागि मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नेछ ।

१२. <u>सम्झौता:</u> (१) स्वीकृत प्रस्तावका आवेदकहरु संग सम्वन्धीत कार्यालयले *अनुसूची–१०* बमोजिमको द्विपक्षीय सम्झौता गरि कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(२) सम्झौताको जानकारी सम्वन्धित स्थानिय तहमा पठाईनेछ ।

(३) तोकिएको अवधि भित्र द्विपक्षीय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(४) द्विपक्षीय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

१३. <u>भुक्तानी प्रकिया:</u> (१) वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिनेछ । अर्थात: सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम सञ्चालन लागतको पचहत्तर प्रतिशत वरावर मानी बाँकी पच्चिस प्रतिशत रकम सम्बन्धित साझेदार संस्थाले व्यहोर्नु पर्नेछ ।

(२) साझेदारले व्यहोर्ने घटिमा पचहत्तर प्रतिशत साझेदारी रकममा जग्गा र चालु खर्च वापतको रकम समावेश हुने छैन ।

(३) सम्पन्न भएका कृयाकलापहरुको अनुदान रकम बढीमा दुई किस्तामा साझेदारको वैंक खातामा भुक्तानी दिईनेछ ।

(४) भुक्तानी गरिने रकमवाट तिन प्रतिशत कन्टिनजेन्सी वापत र नियमानुसारका अन्य सरकारी कर कट्टा गरि बाँकी रकम उपलब्ध गराईनेछ । सो कन्टेजेन्सी रकमवाट सम्वन्धित कार्यालयले



सचिव — प्रमुख सचिव

आवश्यकता अनुसार समितिहरुको बैठक, कार्यक्रम, अनुगमन निरिक्षण, सरोकारवालाहरु संग अन्तरक्रिया गोष्ठी, भ्रमण, अवलोकन, कार्यालय सञ्चालन आदिमा खर्च गर्न सक्नेछ ।

(५) सम्बन्धित साझेदारले शूरुमा आफ्नो तर्फको लगानीवाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी नियमानुसारको विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारवाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको प्रतिवेदन, रनिङ्ग विल, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्वन्धीत कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा रनिङ्ग विलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ ।

(६) अन्तिम भुक्तानीका लागि आवश्यक विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको मेजरमेन्ट वुक, कार्य सम्पन्न प्रतिवेदन, प्राविधिक प्रतिवेदन र सम्बन्धित कार्यालय वा मातहत निकायका प्राविधिकको स्थलगत निरीक्षण प्रतिवेदन एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(७) अनुदानग्राहीले कार्य सम्पन्न भए पश्चात सम्वन्धित सरोकारवालहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानीका बखत कार्य सम्पन्न प्रतिवेदन सहित सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

१४. <u>अनुगमन र मूल्याङ्कनः</u> (१) आवश्यकता अनुसार सम्बन्धित सरोकावालाहरुवाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुवाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि वमोजिमका शर्तहरु पालन गरे/नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(३) अनुगमन टोलीले अनुदान उपयोगको सम्वन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सबैले वुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

सचिव

प्रमुख सचिव

परिच्छेद ३

विविध

१५. <u>कारवाही:</u> यस कार्यविधि वमोजिम अनुदानको दुरुपयोग भएको पाइएमा प्रचलित कानून वमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

१६. <u>आर्थिक प्रशासन सेवा:</u> कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद कार्यविधि, २०६४ तथा प्रादेशिक र संघिय सरकारका प्रचलित कानून वमोजिम हुनेछ ।

१७. <u>प्रचलित कानून लागु हुने:</u> कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस नियमालीमा उल्लेख भएकाको हकमा यसै वमोजिम तथा नियमालीमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१८. <u>बाधा अड्काउ फुकाउने:</u> यो कार्यविधि वमोजिम कार्य सम्पादन गर्न कुनै वाधा अडकाउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो वाधा अडकाउ फुकाउन सक्नेछ ।

१९. <u>खारेजी एवं संशोधन:</u> प्रदेश सरकारले आवश्यकता अनुसार यो कार्यविधि खारेजी वा संसोधन गर्न सक्नेछ ।

सचिव

प्रमुख सचिव

प्रदेश नं.-१
विराटनगर, नेपाल

<u>व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वानको सूचना</u>

प्रथम पटक प्रकाशित मिति २०७/.../....

प्रदेश सरकार व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व......... को स्वीकृत वार्षिक कार्यक्रम मुताविक देहायका कार्यक्रमहरु "व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालन कार्यविधि २०७६" बमोजिम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक आवेदकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयमा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगि वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ। थप जानकारीका लागि ......................... फोन नं. ...................... मा सम्पर्क राख्न वा ................. वेभसाईट वाट "व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालन कार्यविधि २०७६" डाउनलोड गर्न सकिने छ ।

<u>कार्यक्रम विवरण</u>

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| | | | | |

आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु:

(१) रु. पाँच शय तिरेको राजश्व रसिद ।
(२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
(३) अनुसूची– २ बमोजिमको आवेदन ।
(४) अनुसूची– ३ बमोजिमको संक्षिप्त कार्ययोजना ।
(५) अनुसूची– ४ बमोजिमको लागत साझेदारीको प्रतिबद्धता पत्र ।
(६) अनुसूची-५ बमोजिमको स्वघोषणा
(७) अनुसूची-६ बमोजिम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र स्थानिय तहको सिफारिस पत्र ।
(८) समुह/समिति, सहकारी र साझेदारी संस्थाको हकमा संचालक समिति निर्णयको प्रतिलिपि
(९) अन्य सान्दर्भिक प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) का प्रतिलिपि
(१०) दर्ता, नविकरण, भ्याट, प्यान प्रमाणपत्रको प्रतिलिपि ।
(११) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रामण पत्रको प्रतिलिपी आदी ।

अनुसूची- २

## व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालनको आवेदन

श्रीमान् सचिव ज्यू
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १ बिराटनगर

विषयः कार्यक्रम सञ्चालनको लागि सहभागी हुन पाउँ बारे ।

महोदय,

तहाँ मन्त्रालयको मिति.....................को ..............मा प्रकाशित सूचना अनुसार उन्नत गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम सञ्चालन गर्ने ईच्छा भएकाले तपसिल अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेकोछु । उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधिका शर्त र मापदण्हरु परिपालना गरि कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता गर्दछु । साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचललित कानून बमोजिम सजायको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |

आवेदकको नामः

ठेगानाः

दस्तखतः

मितिः

संस्थाको छापः

सचिव

अनुसूची - ३

## व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालनको संक्षिप्त कार्ययोजना

(क) प्राविधिक प्रस्ताव

| | | | | |
|---|---|---|---|---|
| ३ | आवेदकको नाम | | | |
| ४ | ठेगाना | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन/मोवाइल नम्बर | | | |
| ६ | व्यवसाय/संस्था दर्ता नम्बर र मिति | | | |
| ७ | दर्ता भएको कार्यालय | | | |
| ८ | दर्ता वा स्थापना पश्चातको अवधी (वर्षमा) | | | |
| ९ | भ्याट/पान दर्ता नम्बर | | | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | | | |
| ११ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | | | |
| १२ | सम्वन्धित कार्यालयसंग माग गरेको रकम रु. | | | |
| १३ | प्रस्तावित कार्यक्रमको उद्धेश्य | | | |
| | | | | |
| | | | | |
| | | | | |
| १४ | प्रस्तवित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यामान भौतिक पूर्वाधारहरु | | | |
| १४.१ | सडक सुविधा (छैन/छ) | | नजिकको बजारको नाम | |
| १४.२ | सडक कस्तो छ (पक्की/कच्ची) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १४.३ | विजुलीको सुविधा छ/छैन | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १.४४ | खानेपानीको सुविधा छ/छैन | | जग्गाको स्वामित्व (लिज/आफ्नै) | |
| १४.५ | आफ्नै भवन, मेशिनरी, सवारी साधन र उपकरणको किसिम र संख्या उल्लेख गर्ने । | | | |

| सि.नं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रमवाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या | | | | | |
| १६ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुने संख्या) | | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

| | |
|---|---|
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण |
| | |
| | |
| | |
| १८ | हाल पालिरहेका बंगुरको संख्या |

| सि.नं. | बंगुरको जात | माउ | विर | पाठापाठी | छतौरा | छतौरी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | |
|---|---|
| १९ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु सम्भव भए परि) बुँदागत रुपमाणाम समेत) |
| | |
| | |
| | |
| २० | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने |
| | |
| २१ | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र) |
| | |
| २२ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी (रु.) |
| २३ | प्रस्तावित कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) |
| | |
| २४ | आवेदकसँग विद्यमान जनशक्ति विवरण |

| सि.नं. | जनशक्ति विवरण | दक्षता तालिम/शैक्षिक योग्यता) | संख्या |
|---|---|---|---|
| | | | |
| | | | |

| | |
|---|---|
| २५ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असर |
| | |
| २६ | वातावरणिय असर न्यूनिकरणका लागि अपनाईने उपाय |
| | |

| | |
|---|---|
| ७ | प्रस्तावित कार्यक्रमले श्रृजना गर्ने थप रोजगारी (संख्या) |

ख) आर्थिक प्रस्ताव

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण :

| क्र. सं. | मुख्य मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर (रु.) | कुल लागत (रु.) | प्रस्तावक को योगदान (रु.) | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु.) | प्रस्तावक ले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा (रु.) | | | | | | | | |
| भ्याट (रु.) | | | | | | | | |
| कूल जम्मा (रु.) | | | | | | | | |

| | |
|---|---|
| माथि उल्लेखित विवरणहरु ठिक साँचो छ । झुठा ठहरे कानुन बमोजिम सजायको भागिदार हुनेछु । | |
| जिम्मेवारी पदाधिकारीको | |
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| संस्थाको छाप | |

आवेदकको योगदानमा जग्गाको मूल्य र चालु खर्च समावेस गर्न पाइने छैन ।

## लागत साझेदारीको प्रतिबद्धता

प्रदेश सरकार ............................ मन्त्रालयको मिति ........................ को .......................... मा प्रकाशित सूचना अनुसार ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ...........नं. वडा .................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री ........................................ ले लागत साझेदारीमा ................................................ कार्यक्रम सञ्चालनका लागि पेश गरेको कार्य योजना अनुसार अनुमानित कूल लागत रु ............ को ......... प्रतिशतले हुन आउने रु. ....................... अक्षरुपी..................... वराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

| *बायाँ* | *दायाँ* |
| --- | --- |
| | |

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

अनुसूची–२

[illegible] नं.–१

## समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

प्रदेश सरकार ............................ मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र .............. को मिति ........................ को .......................... मा प्रकाशित सूचना अनुसार ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ...........नं. वडा ................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री ........................................... ले लागत साझेदारीमा ..................................कार्यक्रम सञ्चालनका लागि पेश गरेको कार्य योजना संग मेल खाने कार्यका लागि विगत ३ बर्ष भित्र संघिय सरकार वा प्रदेश मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र तथा अन्य निकाहरुबाट अनुदान नलिएको घोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

| बायाँ | दायाँ |
| --- | --- |
| | |

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/स्थानिय तहको सिफारिस पत्र

श्रीमान् सचिव ज्यू
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.१ बिराटनगर

बिषयः सिफारिस गरिएको बारे ।

उपरोक्त सम्बन्धमा प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मिति .............मा प्रकाशित सूचना मुताविक..................उपमहानगरपालिका/नगरपालिका/ गाउँपालिका .......नं. वडा ...........गाउँ/टोल स्थायी ठेगाना भएको श्री .......................................... ले लागत साझेदारीमा ............................................... कार्यक्रम सञ्चालनका लागि सिफारिस पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवश्यक जाँचबुझ गर्दा निजले पेश गरेका विवरणहरु सही रहेकोले प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेको
दस्तखतः
नामः
मितिः

सचिव

अनुसूची छ.-१

## स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

(क) सामान्य जानकारी

(१) जिल्ला:

(२) आवेदकको नाम:

(३) स्थायी ठेगाना:

(४) प्रस्तावित कार्यक्रमको नाम:

(५) कार्यक्रमले समेटने क्षेत्र:

(६) स्थलगत प्रमाणिकरण मिति:

(ख) आवेदकको मूल्याङ्कन

| क.सं. | मूल्याङ्कनका सूचकहरु | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | आवेदकको पृष्ठभूमि र प्रस्तावित कार्ययोजना पत्यारिलो छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्न सक्ने सम्भावना छ/छैन | | |
| १.३ | व्यवसाय विस्तारको सम्भावना छ/छैन | | |
| १.४ | कार्यक्रम कार्यान्वयनका लागि प्रयास जग्गा छ/छैन | | |
| १.५ | कार्यक्रमले समेटने क्षेत्रमा बाटो/पानी/बिजुलीको सुविधा छ/छैन | | |
| १.६ | उक्त क्षेत्रमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त छ/छैन | | |
| २ | प्राविधिक क्षमता | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| ३ | वित्तिय क्षमता | १५ | |
| ३.१ | आवेदक लागत साझेदारी गर्न सक्ने आर्थिक अवस्थामा छ/छैन | | |
| ३.२ | वैंक मौजदात वा संचालित कारोवारको वचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | वातावरणीय उपयुक्तता | १० | |
| ४.१ | स्थानिय बासिन्दाबाट बाधा विरोध नहुने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकारात्मक असर नपुग्ने | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

| सं. | मूल्याङ्कनका सूचकहरु | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| | अवस्था छ/छैन | | |
| ५ | अन्य पक्षहरु | २० | |
| ५.१ | संस्थागत/व्यवसायीक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | सो क्षेत्रमा प्रस्तावित ढुवानी साधन प्रयोग हुने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित बस्तुको सहज बजारिकरण हुनसक्ने अवस्था छ/छैन | | |
| ६ | स्थलगत टोलीको राय | १० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन | | |
| | जम्मा | १०० | |

*नोट : उपरोक्तानुसार स्थलगत प्रमाणिकरणका दौरान सकारात्मक अवस्था भेटीए पाँच र नकारात्मक अवस्था भेटिए जिरो अङ्क प्रदान गर्दा कूल पचास अङ्क उत्तिर्णाङ्क हुनेछ । अनुत्तिर्ण प्रस्तावहरु छनौटका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिने छैन ।*

(ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण

| क्र.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

(१)
(२)
(३)

(ङ) स्थलगत प्रमाणिकरण टोलको राय

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| क्र.सं. | स्थलगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

अनुसूची-[illegible]

## कार्य योजना मूल्याङ्कन फारम

| क्र. सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | संस्थाको उमेर र अनुभव | १० | |
| १.१ | एक वर्ष भन्दा घटी | २ | |
| १.२ | एक वर्ष देखि दुई वर्ष भन्दा कम | ३ | |
| १.३ | दुई वर्ष देखि तिन वर्ष भन्दा कम | ४ | |
| १.४ | तिन देखि चार वर्ष भन्दा कम | ५ | |
| १.५ | पाँच वर्ष भन्दा वढी | १० | |
| २ | कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | २० | |
| २.१ | सडक सुविधा भएको | ४ | |
| २.२ | विजुलीको सुविधा भएको | ३ | |
| २.३ | खानेपानीको सुविधा भएको | ३ | |
| २.४ | घाँस खेति गरिएको जग्गा वा भविष्यमा घाँस विस्तारको सम्भावना | ५ | |
| २.५ | संस्थाको स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको | ५ | |
| ३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरुको) | ५ | |
| ३.१ | सात दिन अवधि सम्मको तालिम | १ | |
| ३.२ | सात देखि पन्ध्र दिन अवधि सम्मको तालिम | २ | |
| ३.३ | सोन्ह दिन देखि तिस दिन अवधि सम्मको तालिम | ३ | |
| ३.४ | एक महिना देखि तिन महिना अवधि सम्मको तालिम | ४ | |
| ३.५ | तिन महिना भन्दा बढी अवधिको तालिम | ५ | |
| ४ | वित्तिय क्षमता | ५ | |
| ५ | प्रत्यक्ष लाभाविन्वत संख्या | १५ | |
| ५.१ | पचास भन्दा कम | ५ | |
| ५.२ | एकाउन्न देखि उन्नाशय जना सम्म | १० | |
| ५.३ | एक शय देखि माथि | १५ | |
| ६ | वातावरणिय/हावापानी उपयुक्तता | ५ | |
| ७ | अन्य पक्षहरु | १० | |

| क्र. सं. | मूल्यांकनको आधार | भार (प्रतिशत) | प्राप्ताङ्क |
|---|---|---|---|
| ७.१ | हालको काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| ७.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम सञ्चालन स्थल विचको तादात्म्यता | ५ | |
| ८ | **स्वीकृत कार्यविधि अनुसारका थप आधारहरु** | ३० | |
| ८.१ | प्रस्ताव आव्हानको सूचना मूताविक सम्वन्धित कार्यालयको प्राथमिकता र आवेदकको तालमेल | ५ | |
| ८.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.३ | प्राविधिक प्रस्तावको गुणस्तर | १० | |
| ८.४ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| ८.५ | कार्यविधि अनुसारका फर्मेट र प्रावधानको हेक्का राखिएको | ५ | |
| | जम्मा | १०० | |

व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम पचास प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।

अनुसूची–९

## व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालन सम्बन्धि प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारम

| क्र.सं | द. नं. | आवेदक संस्थाको नाम | ठेगाना | स्थलगत प्रमाणिकरणको प्रासाङ्क (१००) | कार्ययोजना मूल्याङ्कनको प्रासाङ्क (१००) | स्थलगत प्रमाणिकरण टोलिको राय (२०) | हाल पालिरहेको बंगुरको संख्या (३०) | कुल प्राप्ताङ्क (२५०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | कूल प्रासाङ्कको आधारमा प्राथमिकिकरण गर्ने |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

उपरोक्त प्राथमिकिकरण सहितको सूचि अन्तिम छनौट र स्विकृतिका लागि पेश गर्ने प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिका पदाधिकारीहरु:

| सि.नं. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-१

## व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालनका लागि सम्झौता पत्र

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. विराटनगर को आ.व. २०....... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम सञ्चालनका लागि मिति ............ गतेको .........को प्रथम पटक प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को प्रावधान बमोजिम मन्त्रालयको मिति ......... गतेको .........स्तरीय निर्णयबाट .....................को प्रस्ताव छनौट भएको हुँदा श्री ...............*(यस पछि प्रथम पक्ष भनिने)* र श्री .................को *(यस पछि दोश्रो पक्ष भनिने)* का बीच तपसिल बमोजिमका शर्तहरु पालना गरि कार्यक्रम संचालन गर्न मन्जुर भई यो द्विपक्षीय सम्झौता गरिदियौं/ लियौं । इति सम्वत ........साल ......महिना ....... गते ...... रोज शुभम् ।

### तपसिल

(१) व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियान कार्यक्रम ........... जिल्ला ........ महा/उपमहा/नगर/गाउँपालिका .......... मा मिति ............... सम्ममा सम्पन्न गरिनेछ ।

(२) दोश्रो पक्षले पेश गरेको कार्ययोजना मुताविक निम्न बमोजिमका कृयाकलाप सञ्चालनका लागि प्रथम पक्षले रु .......... (अक्षरुपी .......) अनुदान रकम बढिमा २ किस्तामा उपलब्ध गराउनेछ ।

| *क.स.* | *कृयाकलाप विवरण* | *अनुमानित लागत* रु. | *प्रथम पक्षले व्यहोर्ने* रु. | *दोश्रो पक्षले व्यहोर्ने* रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| जम्मा | | | | |
| अक्षरुपी | | | | |

(३) प्रथम पक्षले प्रदानगर्ने अनुदान रकमवाट तिन प्रतिशत कन्टिजेन्सी वापत र नियमानुसारका अन्य कर कट्टा गरी बाँकी रकम दोश्रो पक्षको बैङ्क खाता माफत भुक्तानी दिनेछ ।

(४) दोश्रो पक्षले स्वीकृत प्रस्ताव मुताविकका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

(५) कार्यक्रम कार्यान्वयनका लगि आवश्यक निर्माण सम्वन्धि डिजाईन, ईष्टीमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(६) दोश्रो पक्षले सुरुमा आफ्नो लगानीबाट कार्य सुरुवात गरि सम्पन्न भएको कामको मान्यता प्राप्त प्राविधिकले तयार गरेको नियमानुसारको भ्याट बिल, रनिङ्ग बिल, मेजरमेन्ट बुक, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवस्यक कागजात सहित भुक्तानीका लागि पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे बढीमा दुई किस्तामा वा सम्पूर्ण कार्य सम्पन्न भएको अवस्थामा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी प्रथम पक्षले गर्नेछ ।

(७) प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यक्रमको अनुगमन/निरिक्षण गरी सम्झौता बमोजिम कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

(८) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रोप क्षको हुनेछ ।

(९) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखि होर्डीङ्ग वोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(१०) दोश्रो पक्षले *अनुसूची– ११* बमोजिम नियमित रुपले चौमासिक अवधिमा बंगुर फार्मको अध्यावधिक विवरण प्रथम पक्षलाई उपलब्ध गराउनेछ ।

(११) कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

(१२) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यस कार्यविधि, प्रचलित कानून र दुवै पक्षको सहमति अनुसार हुनेछ ।

(१३) दोश्रो पक्षले सम्झौता अनुसारको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

*नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताबिकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ ।*

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालयको छाप : | संस्थाको छाप : |

सचिव

प्रदेश नं.-१

अनुसूची–११

# बंगुर फार्मको चौमासिक अध्यावधिक विवरण

साझेदारको नाम: ठेगाना: साल: महिना:

| फार्ममा रहेका वंगुरहरुको विवरण | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चौमासिक | चौमासिकको शुरुको बंगुर संख्या | | | | यस चौमासिकमा बिक्रि भएको संख्या | | | | यस चौमासिकमा मरेको संख्या | | | | यस चौमासिकमा जन्मेको संख्या | | चौमासिकको अन्त्यमा बाँकी संख्या | | | |
| | माउ | विर | फयाटनर | पाठा पाठी | माउ | विर | फयाटनर | पाठा पाठी | माउ | बिर | फयाटनर | पाठा पाठी | पाठा | पाठी | माउ | विर | फयाटनर | पाठा पाठी |
| प्रथम | | | | | | | | | | | | | | | | | | |
| द्वितिय | | | | | | | | | | | | | | | | | | |
| तृतिय | | | | | | | | | | | | | | | | | | |

तयार गर्नेः

पेश गर्नेः

सचिव